# नेपाल गजेट


नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं कार्तिक २६ गते ०८ साल


## भाग २

## सूचना

०८।७।२०।३

लालमोहर सनदपत्र भएको र सरकारी अड्डामा दर्ता भएको समेत, दुनियाँ गुठिबाहेक तिरूवा माफी जुनसुकै बिर्ता भए पनि नेपाल भर मुलुकका बिर्तावार-हरूले आफ्ना आफ्ना बिर्ता जग्गाको फाँटवारी र देहायबमोजिमको कुराहरू खोली इस्तिहारको मितिले १ एक महिनाभित्र नेपाल चारभञ्ज्याङभित्र बसेकाले बिर्ता खारेजी बन्दोबस्त अड्डामा र अरू पाहाड मधेशकाले इलाका मालमा दरखास्त लेखी दाखिल गर्नू, अड्डाले बुझिलिनू. बिर्ताविषय राम्रो नीति निर्धारित गर्न यी विवरणहरूमा निभर छ, त्यसैले यसको संकलनमा पूर्ण सहयोग दिनु-होला भन्ने आशा गर्दछौं ।

( १ ) बिर्तावारको नाम ठेगाना दर्जा ।

( २ ) बिर्तावारको विवरण ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( क ) बिर्ताको किसिम ।

( ख ) बिर्ता किनुवा हो वा बकस पाएको ।

( ग ) बिर्ताको दर्ता नम्बर र जिल्ला, मौजा, जग्गाको नाउँ ।

( घ ) बिर्ताको उठ्ती ।

( ङ ) बिर्ताको माटो ( मुरी रोपनी, बिगाहा ) ।

३ बिर्ताको आयस्ताबाहेक अरू आमदानी छ छैन । अर्को सूचना जारी नभए-सम्म बिर्ता खरीद बिक्री बकसमेतको कागतपत्रहरु रजिष्टेसन पास हुनेछैन । मोही बिर्तावारहरुले साबिकैबमोजिम बालि लिनु दिनु गर्नू ।

अर्थमन्त्री.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।